जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक २४ २०८१ साल माघ १३ गते आइतवार (26 Jan. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** मलाह समुदायद्वारा अनिश्तिकालिन ... **पृष्ठ ३ मा :** शैक्षिक क्षेत्रमा आमूल ... **पृष्ठ ४ मा :** बेरोजगारीको विकराल समस्या ... **पृष्ठ ५ मा :** २० वर्ष विवाहको उमेर ...

# बन्द रहेको कारखाना चलाउन बैज्ञानिक डा. पुन पुस्तक बेच्दै

## पुस्तक बेचेरै अहिलेसम्म करिब ९ करोड संकलन




**राजविराज**/बन्द रहेको बिरगंज कृषि औजार कारखाना पुनःसंचालनमा ल्याउन बैज्ञानिक डा. महाबिर पुन पुस्तक बेच्दै हिडेका छन् ।

आफ्नै आत्मकथा "सम्झना, सपना र अबिरल यात्रा" नामक पुस्तक बिक्रि गरेर उनले हालसम्म करिब ९ करोड रुँपैया संकलन स्समेत गरिसकेका छन् ।

पुस्तक बिक्रिका लागि मेची महाकालि अभियानमा निस्केका डा. पुन शनिबार सप्तरी सदरमुकाम राजविराजमा किताब बेच्दै गर्दा संचारकर्मीहरुले राखेको जिज्ञासमा "विगत ३ सय ७ दिनको अवधीमा १ लाख ५५ हजार ५ थान पुस्तक बिक्रि भइसकेको छ, उनले भने- पुस्तक बिक्रि गरेवापतको रकमले बिरगंजस्थित कृषि औजार कारखाना संचालनमा ल्याउने छु ।"

लगातारको शितलहरको प्रवाह नगरि टाउँकोमा किताबको बण्डल राखेर म्याकिङ गर्दै निस्केका उनी शनिबार दिनभरी राजविराजमा पुस्तक बेच्न व्यस्त थिए । उनले शनिबार दिनभरीमा ४३ थान पुस्तक बेच्न सफल भएको बताए ।

कृषि प्रधान मुलुकमा किसानका लागि चाहिने कृषि उपकरण उत्पादन गर्ने बिरगंजस्थित कृषि औजार कारखाना विगत ३० वर्षदेखी बन्द अवस्थामा रहेकाले त्यसको पुनःसंचालनका लागि अभियान स्वरुप किताब बेच्न निस्केको उनले जानकारी दिए ।

यो अभियान पैसा कमाउनका लागि नभई बिशुद्ध रुपमा किसानहरुको सेवाका लागि भएको उनले स्पष्ट पारेका छन् ।

बिदाको दिन परेपनि ठण्डिको प्रवाह नगरि नगरका चौक चौक र गल्लि गल्लि चहारेर पुस्तक बिक्रिमा सक्रिय रहेका उनलाई स्थानियले समेत साथ दिएका छन् ।

शनिबार बिदा परेका कारण रात्री बिश्राम यही गरेर आइतबार विद्यालय, कलेज, पालिका र विभिन्न सरकारी कार्यालय समेत पुगेर पुस्तक बिक्रि गर्ने उनको योजना छ । जसबाट जिर्ण अवस्थामा रहेको बिरगंज कृषि औजार कारखानाको मर्मत सम्भार तथा स-साना किसानको खेती प्रयोजनका लागि प्रयोग गरिने १५ किसिमका औजार बनाएर परिक्षण समेत गरिसकिएको डा. पुनले जानकारी दिए ।

सरकारी स्वामित्वमा रहेको उक्त कारखानाको बेहाल देखेर आफूले यसलाई पुर्नजिवन दिने अठौटका साथ यो अभियान चलाएको उनले जनाए ।

# मधेशवादी दलले स्व. सिंहलाई सम्झे

**राजविराज**/स्व. गजेन्द्र नारायण सिंहको २४ औं स्मृती दिवसको अवसरमा विभिन्न राजनीतिक दलका नेता कार्यकर्ताहरुले उनलाई सम्झिदै योगदान बारे चर्चा गरेका हुन् ।

राजेन्द्र महतो नेतृत्वको नवगठित राष्ट्रिय मुक्ति पार्टीको अगुवाईमा मधेशी अधिकारका लागी संगठित अभियानको सूरुवात र नेतृत्व गरेका नेता सिंहको स्मृती दिवसको अवसरमा उनको राजनीतिक योगदान बारे बिहीबार सम्झना गरिएको हो ।

उक्त अवसरमा राष्ट्रिय मुक्ती पार्टीका साथै जसपा, लोसपा र जनमत पार्टीका नेता कार्यकर्ताले स्थानीय गजेन्द्र चौकमा उनको शालिकमा माल्यार्पण गर्दै श्रद्धासुमन अपर्ण गरेका छन ।

विहीवारै राष्ट्रिय मुक्ती पार्टी सप्तरीले उधोग बाणिज्य [redacted]मा [redacted] सिहंको चिन्तन र मधेशको भावी कार्यदिशा" विषयक विचार गोष्ठी कार्यक्रमको आयोजना समेत गरेको छ ।

राष्ट्रिय मुक्ती पार्टी सप्तरीका संयोजक दिपेन्द्र कुमार चौधरीको अध्यक्षता तथा संविधान सभा सदस्य महेश प्रसाद यादवको प्रमुख आतिथ्यमा आयोजित विचार गोष्ठीमा राष्ट्रिय मुक्ती पार्टीका केन्द्रीय नेता गजेन्द्र कुमार मण्डल, गजेन्द्र कुमार सिंह यादव, राजनारायण साह, केशव शर्मा, ज्योतिष मिश्रा, सैशव मिश्रा, जसपा नेता विकास तिवारी, किशोर यादव केसी, विद्यार्थी नेता शम्भु यादव, सुमन चौधरी, रामविलास साह लगायतले स्व. गजेन्द्रनारायण सिंहको राजनीतिक योगदानको चर्चा गर्दै उनकै विचार र चिन्तनको जगमा मधेशवादी दलहरु मिलेर अघि बढनु पर्नेमा जोड दिएका थिए ।

# कलेज जाँदै गरेकी १५ वर्षिया किशोरी बलात्कृत

**राजविराज**/कलेज जाँदै गरेकी १५ वर्षिया किशोरीलाई गाउँ कै एक यूवाले बलात्कार गरेका छन ।

सप्तरीको विष्णुपुर गाउँपालिका ७ की ती किशोरी बुधवार विहान ६ बजेतरि साईकल चढेर कलेजतर्फ जाँदै गरेको अवस्थामा सोही पालिकाको वडा नं १ वस्ने १९ वर्षिय अकलेश कुमार मण्डलले बलात्कार गरेका हुन् ।

बलात्कारको प्रतिकार गर्न खोज्दा मण्डलले ती किशोरीको बायाँ हात समेत टुटाईदिएका छन । मण्डलले ती युवतीलाई कोशी नहरको डिलमा पुऱ्याएर बलात्कार गरेको प्रहरीले जनाएको छ । पीडित किशोरी गाउँबाट करिब ४ किलोमिटर टाढा रहेको सदरमुकाम राजविराजस्थित वर्ल्ड भिजन क्याम्पसमा कक्षा ११ मा अध्यनरत छिन ।

विहान बाक्लो हुस्सु लागेको र एकान्त स्थल देखेर पहिलेदेखी नै लुकेर बसेका मण्डलले साइकल रोकेर किशोरीलाई डरत्रास देखाई नहर किनारमा लगी बलात्कार गरेको प्रहरीको अनुसन्धानमा खुलेको छ ।

उक्त अपराधमा संलग्न मण्डललाई बुधवारै साँझ गाउँबाट पक्राउ गरिएको र विहीवार सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

# मधेश प्रदेशमा ९ हजार १ सय ३३ लैङ्गिक हिंसाका घटनाहरु

**राजविराज**/मधेश प्रदेशमा ९ हजार १ सय ३३ वटा लैङ्गिक हिंसाका घटनाहरु प्रहरीमा दर्ता भएको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

लैङ्गिक हिंसा न्यूनिकरण गर्ने लक्ष्यका साथ महिला, बालबालिका तथा जेष्ठ मन्त्रालयद्वारा महिला समुत्थान परियोजना अन्तर्गत गत आईतवारदेखी राजविराजमा सुरु भएको ६ दिने लैङ्गिक उत्तरदायीत्व अनुसन्धान र संचारसीप तालिमको उदघाटन तथा लैङ्गिक हिंसा बिरुद्ध लेखिएको पुस्तक विमोचन कार्यक्रमका क्रममा सो तथ्याङ्क सार्वजनिक गरिएको हो ।

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवल किशोर साहले विमोचन कार्यक्रमको प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै सन् २०२३ जनवरीदेखी २०२४ डिसेम्बरसम्मको दुई वर्षको अवधिमा उक्त घटनाहरु दर्ता भएको भन्दै बढ्दो लैङ्गिक हिंसाका घटनाप्रति चिन्ता ब्यक्त गरे ।

मन्त्री साहले त्यस मध्ये ८० प्रतिशत घटना घरेलु हिंसाको रहेको बताउँदै यस्ता घटनाहरुको न्यूनिकरणका लागी विभिन्न प्रयासहरु थालिएको बताउँदै लैङ्गिक हिंसा न्यूनिकरणका लागी जिल्लामा प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको समेत सकृय भूमिका रहनु पर्नेमा जोड दिए ।

मन्त्री साहले कार्यक्रममा सहभागी प्रहरी प्रशासनका उच्च अधिकारीलाइ आफ्ना मातहतका निकायमा यसबारे उचित निर्देशन दिन अनुरोध गर्दै यसको निराकरणका लागी सबै तहका सरकार र नागरिक समाजले पनि भुमिका खेल्नु पर्नेमा जोड समेत दिए ।

**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिर्सौं,
- नियमित सवारी साधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोवाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालबालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिंड्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### ठण्डिपीडितलाई न्यानो कपडाको प्रबन्ध मिलाऔं

विगतका वर्षहरु भन्दा यसपटक अचानक बढेको चिसोले विपन्न तथा असहाय, निमुखा जनताहरु पीडामा परेका छन् । हरेक वर्ष झैं यस वर्ष पनि चिसोको मौसममा गरिब, निमुखाका साथै बालबालिका र बृद्धबृद्धा बढी प्रभावित भइरहेका छन् । चिसो बढेपछि दैनिक कार्य समेत प्रभावित बन्न पुग्छ । सप्तरीमा हरेक वर्ष चिसोका कारण जनजिवन कष्टर बन्ने गरेको छ ।

यस जिल्लामा गरिब, विपन्न, दलित समुदायको बढी बसोवास रहेको हुँदा न्यानो कपडाको अभावमा ती मानिसहरु अत्याधिक प्रभावित हुने गरेका छन् । यसका लागि स्थानिय सरकारले गरिब जनताका लागि चिसोबाट बच्ने उपायका साथै न्यानो कपडाको प्रबन्ध गर्न तत्परता देखाउनु जरुरी छ । ती समुदायलाई चिसो छल्न न्यानो कपडाको व्यवस्था मिलाउनु सक्नु पर्छ । हरेक स्थानिय तहले आफ्नो जनता चिसोका कारण कुनै अफठ्यारोमा नपरुन भन्ने बारे अहिले नै ध्यान पुऱ्याउनु अत्यन्त आवश्यक छ ।

तसर्थ यसका लागि पूर्वतयारी स्वरुप स्थानिय तह लगायत सम्पूर्ण सरोकारवाला निकायले चिसोबाट बचाउनका लागि न्यानो कपडा, आगो बाल्ने व्यवस्थालगायत अन्य व्यवस्था मिलाउन तदारुकता देखाउनु अति आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मलाह समुदायद्वारा अनिश्तिकालिन रिले अनसनको घोषणा




**राजविराज**/मलाह समुदायले माघ २५ गतेदेखी अनिश्तिकालिन रिले अनसनको घोषणा गरेको छ । मलाह जातीको जातीय संगठन नेपाल मलाह कल्याण संघले सोमवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी सो घोषणा गरेको हो ।

२० बुंदे माँग राखी संघर्षरत ती समुदायले आफ्ना माग सम्बोधन गर्न दवाव दिने उद्देश्यले आन्दोलनको पहिलो चरणमा अनिश्चितकालिन रिले अनसन शुरु गर्ने घोषणा गरेको जनाएको छ ।

नेपाल मलाह कल्याण संघका केन्द्रीय अध्यक्ष नारायण मुखियाले पत्रकार सम्मेलनमा २५ माघ देखी सप्तरी र सुनसरीको सिमानामा पर्ने कोशी ब्यारेज क्षेत्रमा अनिश्चितकालिन धर्ना, रिले अनसन र सभाको आयोजना गर्ने निर्णय भएको जानकारी दिए ।

मलाह जातीले ६० वर्ष उमेर सीमामा समाजिक सुरक्षा भत्ता खाइपाई आईरहेकोमा राष्ट्रिय दलित आयोगको सिफारिसमा हाल उक्त सेवा सुविधा रोक्का गरिएकाले सो फुकुवा हुनु पर्ने, सरकारले ठेक्का लगाउदै आएको सार्वजनिक पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बगी आएको काठ, दाउरा संकलन लगायतका ठेक्का कार्य मलाह जातिलाई मात्र उपलब्ध गराइनु पर्ने मलाह कल्याण संघले प्रमुख मागका रुपमा उठाएका छन ।

यस्तै सरकारी स्वामित्वमा रहेका मत्सय फार्महरु, सीमसार र रिजर्भ्यार आदीमा मलाह जातीलाई ५० प्रतिशत आरक्षण, संघीय र सात वटै प्रदेशमा मत्सय मन्त्रालयको स्थापना गरी आवश्यक कर्मचारी भर्नामा मलाह जातीलाई प्राथमिक्ता र जलसेनाको स्थापना गरी मलाह जातीबाट ५० प्रतिशत सैनिक जवान रहने गरी कानूनी व्यवस्था गर्न माँग गरिएको छ ।

मलाह जातीको बालबालिकालाई स्नाकोत्तर सम्मको निःशुल्क शिक्षा, जग्गा विहीनलाई जग्गाको व्यवस्था, निःशुल्क उपचारको व्यवस्था लगायतका २० बुंदे मांग अघि सारिएको पत्रकार सम्मेलनमा नेपाल मलाह कल्याण संघ सप्तरीका अध्यक्ष पञ्च लाल मुखियाले जानकारी दिए ।

२० बुंदे माग राखेर यस अघि पनि २०६४ साल देखी पटक/पटक तत्कालिन सरकारका प्रमुखलाई ज्ञापन पत्र बुझाए पनि आश्वासन बाहेक केही न पाइएको पत्रकार सम्मेलनमा संघका केन्द्रिय सचिव सुकलाल मुखियाले जानकारी दिए ।

पछिल्लो पटक पुष १८ गते प्रधानमन्त्री, गृहमन्त्री लगायतका सरोकारवाला निकायका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाइए पनि माँग सम्बोधनको कुनै पहल न भएकाले बाध्य भई संघर्षको बाटो रोज्नु परेको पत्रकार सम्मेलनमा संघको केन्द्रिय उपाध्यक्ष अशोक कुमार मुखियाले बताए ।

## राष्ट्रिय मुक्ति पार्टी नेपालले पायो दल दर्ताको प्रमाणपत्र

**राजविराज**/राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालले मंगलबार निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र पाएको छ ।

निर्वाचन आयोगले राष्ट्रिय मुक्ति पार्टी नेपाल नामक राजनीतिक दल दर्ता गर्ने निर्णय गरि पार्टीलाई प्रमाणपत्र प्रदान गरेको हो ।

दल दर्ता नं २०१ कायम भएको सो पार्टीको चुनाव चिन्हको रूपमा ग्याँस सिलिण्डर प्रदान गरिएको आयोगले जनाएको छ ।

त्यस्तै गाढा निलो रंगको आयाताकार झण्डाको मध्य भागमा तीर धनुष रहने गरी झण्डा समेत प्रदान गरिएको आयोगले जनाएको छ ।

स्वदेशवाद, बहुलराष्ट्रवाद र सामुदायिक समाजवादको मार्ग निर्देशक सिद्धांत बमोजिम पार्टी आगाडि बढ्ने भएकोले आम जनतालाई यस पार्टीको सदस्यता ग्रहण गरि सक्रियता साथ पार्टीमा लाग्न अध्यक्ष राजेन्द्र महताले अपील गरेका छन् ।

## किराना समानसहित अटो तथा चालकलाई प्रहरी नियन्त्रणमा

**राजविराज**/भारतबाट भन्सार छली अटोमा लोड गरी ल्याउँदै गरेको विभिन्न किराना समानसहित प्रहरीले अटो तथा चालकलाई नियन्त्रणमा लिएको छ ।

राजविराज नगपालिका वडा नं. ७ स्थित राममन्दिर नजिकको सडक खण्डमा प्रहरीले मंगलबार बिहान चेकजाँचका क्रममा किराना समान र अटो नियन्त्रणमा लिएको हो ।

अटोसहित बरामद समानको ४ लाख ३६ हजार ४ सय ३० रुपैया मुल्याङ्कन गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

प्रदेश २-०१-००१ह००७८ नम्बरको अटो रिक्शाबाट जेकजाँचका क्रममा तेल, घ्यु, मसाला, पापड लगायतको किराना समान भन्सार छली भारतबाट ल्याइएको पाइएपछी नियन्त्रणमा लिएको उनको भनाइ छ ।

उक्त समान ल्याउने अटो चालक ३२ वर्षिय सप्तरीको छिन्नमस्ता गाउँपालिका ४ कोचाबखारी टोल वस्ने राजकुमार साहलाई समेत नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका, सप्तरी**

# शैक्षिक क्षेत्रमा आमूल रूपान्तरण किन ?

**श्याम रोका**

विद्यार्थीकाल मानिसको जीवनको सबैभन्दा महत्त्वपूर्ण समय हो । देश र समाजका लागि केही गर्ने हुटहुटीले यस समय मानिसको हृदय भरिएको हुन्छ । आम विद्यार्थीहरू यथास्थितिमा सामान्य सुधार होइन, आमूल रूपान्तरण चाहन्छन् । त्यही कारण, विद्यार्थीलाई परिवर्तनका संवाहक पनि भनिन्छ ।

नेपालमा २००७ साल, २०४६ साल र २०६२/६३ सालमा सफल भएका क्रान्ति, जनयुद्ध तथा विभिन्न आन्दोलनमा ठूलो सङ्ख्यामा विद्यार्थीहरू सहभागी भएको इतिहास छ । तर पछिल्लो समय विद्यार्थी आन्दोलन मुर्झाएको छ । विद्यार्थी संगठनका गतिविधि आफ्ना सिद्धान्त र विचार अनुरूप देखिँदैनन् । दलका नेताहरूको छत्रछाया र इशारामा काम गरेको भन्दै उनीहरूको आलोचना हुने गरेको छ ।

शैक्षिक संस्था बन्द गराउने, हडताल गरेर आम विद्यार्थीको पढाइ प्रभावित गरिदिनेलगायत आरोप उनीहरूमाथि लाग्दै आएको छ । गुण्डागर्दी, सार्वजनिक सम्पत्तिको तोडफोडलगायत कार्य गरेर क्याम्पस परिसरमा अशान्ति फैलाएको आरोप पनि उनीहरूमाथि छ । क्याम्पसमा प्राप्त हुने आर्थिक सहायता तथा सुविधाहरूको दुरुपयोग गर्ने, चन्दा सङ्कलनका नाममा अनियमितता गर्ने, आर्थिक क्रियाकलाप पारदर्शी नगर्ने गरेकाले सङ्गठनहरू विवादमा तानिएका छन् ।

शैक्षिक सुधार, शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने, शुल्क नियमन गर्ने, बेरोजगारी न्यूनीकरणका लागि अवसरहरू सिर्जना गर्न सरकार तथा पार्टीका नेताहरूलाई दबाब दिने, मूल्यवृद्धि नियन्त्रणका लागि दबाब दिनेलगायत प्राथमिक काममा संगठनहरूको ध्यान गएको देखिन्न ।

अर्थात्, विद्यार्थी संगठनहरूले जे गर्नुपर्ने हो, त्यो गरिरहेका छैनन् । जे गर्न नहुने हो, त्यसैमा आफ्नो ऊर्जा, ताकत र समय खर्चिरहेका छन् । त्यही कारण, विद्यार्थी आन्दोलन आज निकै जटिल मोडमा छ । आम विद्यार्थीहरूले विद्यार्थी संगठनप्रति भरोसा गर्न छाडेका छन् । इतिहास भजाएरमात्रै अघि बढ्न सकिने अवस्था छैन । जे भयो, भयो । अब समयअनुसार आफैँलाई सुधार गरेर जानुबाहेकको विकल्प यी संगठनहरूसामु छैन ।

शैक्षिक सुधार विद्यार्थी आन्दोलनको प्रमुख कार्यभार हो । लामो समयदेखि नै विज्ञहरूले नेपालको शैक्षिक प्रणालीमा सुधारको खाँचो रहेको औँल्याउँदै आएका छन् । शिक्षा प्रणालीलाई समावेशी, सबैको पहुँचयोग्य र गुणस्तरीय बनाउनका लागि विद्यार्थी संगठनहरूले जति पहल गर्नुपर्ने हो । त्यो गरेको देखिँदैन । नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । प्रत्येक नागरिकलाई आधारभूत शिक्षा पहुँचको हक, प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा सुस्त–श्रवण भएकाहरूलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक, कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक संविधानमा उल्लेख छ । धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक उल्लेख छ । उपधारा १ मा उल्लेख छ, 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।' त्यसैगरी उपधारा ३ मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने उल्लेख छभ्र ।

संविधानले खाद्य, आवास, श्रम, बालबालिका, महिला, दलित, ज्येष्ठ नागरिक, सामाजिक न्याय, उपभोक्ता हकलगायत विभिन्न आधारभूत अधिकार सुनिश्चित गरेको छ । तर संविधानले दिएका यी मौलिक अधिकार जनताले सहज रूपमा उपयोग गर्न पाउने वातावरण बनिसकेको छैन ।

हाम्रा अधिकांश विद्यालय अपाङ्गता मैत्री छैनन् । दुर्गमका जनताले अझै पनि शिक्षा र स्वास्थ्य सेवा लिन घण्टौं धाउनुपर्ने बाध्यता छ ।

बजार नियमन फितलो हुँदा गुणस्तरीय वस्तु तथा सेवा लिनबाट आम नागरिक वञ्चित छन् । मूल्यवृद्धि मनलाग्दी छ । कानुनले जातीय छुवाछुतलाई वर्जित गरेपनि समाजबाट पूर्ण रूपमा यसलाई अन्त्य गर्न सकिएको छैन । समयमै मल र उत्पादित सामाग्रीका लागि बजार नपाउने समस्याले किसानलाई पिरोल्ने गरेको छ ।

देशमा भ्रष्टाचार व्याप्त छ । सार्वजनिक संस्थानहरू दलीय प्रभावमा रहेकाले निष्पक्ष र अधिकार सम्पन्न हुन सकेका छैनन् । मुलुक संघीयताको अभ्यासमा गइसकेको भएपनि केन्द्रले प्रदेशहरूमा अधिकार प्रत्यायोजन गर्न आनाकानी गरिरहेको छ । जसकारण, संघीयताको मर्मअनुरूप काम हुन सकेको छैन । कर्मचारी संयन्त्रको ढिलासुस्तीका कारण जनताले चुस्त सेवा पाउन सकेका छैनन् । विद्यार्थी र युवाहरूको बलमा २०६२/६३ सालमा जनआन्दोलन सफल भएर गणतन्त्र, धर्मनिरपेक्षता र संघीयतासहितको नयाँ संविधान जारी भयो । यसले समावेशी नेपालको परिकल्पना गरेको छ । तर, प्राप्त अधिकार जनताले उपयोग गर्नसक्ने वातावरण नबनेसम्म यो परिकल्पना साकार हुन सक्दैन । त्यसतर्फ सरकार तथा विभिन्न दलका नेताहरूलाई खबरदारी गर्न अबको विद्यार्थी आन्दोलन केन्द्रित हुनुपर्ने देखिन्छ ।

संविधानले व्यवस्था गरेअनुसार शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यक छ । ग्रामीण क्षेत्रमा अहिले पनि आधारभूत तहदेखि माध्यमिक तहसम्म विद्यालय छाड्नेहरूको सङ्ख्या ठूलो रहने गरेको छ । यसको कारण पत्ता लगाएर समाधानको उपाय खोज्नका लागि राज्यलाई झकझक्याउनुपर्छ । सार्वजनिक विद्यालयहरूको अवस्थामा सुधार ल्याउन जरुरी छ । त्यस्तै, निजी विद्यालयहरूले मनलाग्दी शुल्क लिने गरेका छन्, यसलाई नियन्त्रण गर्नका लागि पनि सरकारलाई दबाब दिन जरुरी छ ।

आज देशबाट ठूलो सङ्ख्याका युवाहरू अदक्ष वा अर्धदक्ष कामदारका रूपमा विदेशमा सस्तो मूल्यमा श्रम बेच्न बाध्य छन् । नेपालको शैक्षिक प्रणाली व्यवहारिक र रोजगारीमुखी नहुँदा यस्तो समस्या निम्तिएको हो । वर्तमान पाठ्यक्रमलाई अद्यावधिक गर्दै समयसापेक्ष, प्रविधिमैत्री र व्यावसायिक दक्षतामा केन्द्रित बनाउनुपर्छ । पाठ्यक्रमले सिर्जनात्मक सोच, अनुसन्धान, र समस्याको समाधान गर्न सक्षम विद्यार्थी उत्पादन गर्नेगरी तयार हुनुपर्छ ।

गुणस्तरीय शिक्षा प्रदान गर्न योग्य र दक्ष शिक्षक अपरिहार्य छन् । त्यसका लागि शिक्षक प्रशिक्षण कार्यक्रमलाई सुदृढ र नियमित गर्नुपर्छ । विद्यालय र विश्वविद्यालयहरूको गुणस्तर मूल्याङ्कनका लागि प्रभावकारी मापदण्ड र अनुगमन प्रणाली लागू गर्नुपर्छ । हाम्रा विश्वविद्यालयहरुमा अनुसन्धान कम हुने गरेको छ । त्यसलाई बढवा दिन राज्यले उचित वातावरण बनाएर त्यहीअनुसार लगानी गर्नुपर्छ । अनुसन्धान र प्रविधि क्षेत्रमा नेपालले निकै न्यून बजेट खर्च गर्दै आएको छ । यसमा सुधार गर्न पनि सरकारलाई दबाब दिनुपर्छ ।

आधुनिक शिक्षाका लागि भौतिक पूर्वाधार र प्रविधिमा लगानी गर्नुपर्छ । विशेष क्षमता भएका विद्यार्थीहरूलाई समेत पढाउन मिल्नेगरी कक्षा कोठाहरूको डिजाइन गर्न जरुरी छ । विद्यालय भवनहरूको अवस्थालाई सुधार गरी सुरक्षित र सफा वातावरण निर्माण गर्नुपर्छ । डिजिटल उपकरण, इन्टरनेट पहुँच, र स्मार्ट कक्षाकोठाजस्ता प्रविधिहरूलाई विद्यालय स्तरमै उपलब्ध गराउनुपर्छ । प्रत्येक विद्यालयमा पुस्तकालय र विज्ञान तथा प्रविधिका लागि प्रयोगशालाहरू उपलब्ध हुनुपर्छ ।

लोकतन्त्रको स्थायित्व र संविधानको रक्षा गर्न विद्यार्थीहरू राजनीतिक रूपमा सचेत र जिम्मेवार हुनुपर्छ । लोकतान्त्रिक मूल्य र मानव अधिकारको संरक्षणमा उनीहरूको भूमिका महत्त्वपूर्ण छ । सामाजिक न्याय, महिला अधिकार, बाल अधिकार, लैंगिक अल्पसंख्यकका अधिकार, अपाङ्गता भएकाहरूको अधिकारलगायत विषयमा समाजमा सचेतना फैलाउन पनि विद्यार्थीहरूको भूमिका महत्त्वपूर्ण रहन्छ ।

जातीय, लैङ्गिक, र सामाजिक विभेद तथा अन्याय विरुद्ध बोल्नु र समानताको पक्षमा अभियान सञ्चालन गर्नु आन्दोलनको प्राथमिकता हुनुपर्छ । विश्वको ठूलो जनसङ्ख्या आज जलवायु परिवर्तनका कारण प्रभावित छ । ठूला राष्ट्रमा हुने औद्योगिक गतिविधिका कारण कार्बन उत्सर्जन बढेर आज समग्र पृथ्वीकै पर्यावरण चक्र बिथोलिएको छ । हामीले नगरेको यस गल्तीको सजाय भोग्न आज हामी पनि बाध्य छौं । हाम्रा हिमालहरू पग्लिँदै छन् । पानीका मुहानहरू सुक्दै गएका छन् । अतिवृष्टि र अति खडेरीले जनजीवन समस्यामा छ । विशेष गरी विपन्न र सीमान्तकृत समुदायमा यसको असर भयावह देखिने गरेको छ । यस्ता समस्याबारे नेपालजस्ता तेस्रो विश्वका सरकारले वैश्विक मञ्चहरूमा आफ्ना कुरा जोडदार रूपमा राख्न सक्नुपर्छ । त्यसका लागि विद्यार्थीहरूले शान्तिपूर्ण प्रदर्शन र सिर्जनात्मक कार्यक्रमहरू गरेर दबाब सिर्जना गर्न जरुरी छ । हाम्रो भौतिक विकास पनि पर्यावरणमैत्री छैन । विकासका नाममा जथाभावी डोजर चलाएर सडक खन्दा पहिरो जाने, पर्यावरणचक्रमा खलल पुग्नेलगायत समस्या देखिएका छन् । वातावरणीय सचेतना र दिगो विकासबारे पैरवी गर्नु विद्यार्थी आन्दोलनको दायित्व हो ।

रोजगार, उद्यमशीलता, र आत्मनिर्भरताका लागि नीति निर्माण गर्न दबाब सिर्जना गर्दै युवा अधिकार सुनिश्चित गर्न विद्यार्थीहरू अग्रसर हुनुपर्छ । समाजमा हुने अपराध, दुर्व्यसन, बालश्रम, र हिंसाका घटनाहरू विरुद्ध अभियान सञ्चालन गर्दै समाजमा सद्भाव, सहिष्णुता, र एकता कायम गर्न विद्यार्थी आन्दोलनले ध्यान दिनुपर्छ ।

स्वदेशी उद्योग तथा कृषि क्षेत्रमा रोजगारका अवसर वृद्धि गर्न पहल गर्नु आवश्यक छ । देशमै उद्यमशीलता र आत्मनिर्भर हुने अवस्था निर्माण हुनसके ठूलो जनशक्ति विदेश पलायन हुनबाट रोकिनेछ ।

अध्ययनलाई प्राथमिकता दिँदै आन्दोलनलाई मर्यादित, संगठित, र सकारात्मक दिशामा लैजाने, शैक्षिक संस्था र सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै शान्तिपूर्ण आन्दोलनमा ध्यान दिनुपर्ने आवश्यकता छ । मूल्यवृद्धिले जनताको ढाड सेकेको छ । बजार भाउ मनलाग्दी देखिन्छ । उपभोक्ताको हितमा सरकारको ध्यानाकर्षण गराउन पनि विद्यार्थीको भूमिका महत्त्वपूर्ण रहन्छ । त्यसका लागि शान्तिपूर्ण र सिर्जनात्मक आन्दोलनमा जोड दिनुपर्छ । आजको जमानामा जनसरोकारका विषयलाई धेरैभन्दा धेरै जनासम्म पुऱ्याउन आधुनिक प्रविधिको अत्यधिक प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी आन्दोलनले समाजको विभिन्न पक्षमा सुधार, सचेतना, र परिवर्तन ल्याउन सकारात्मक भूमिका खेल्नुपर्छ । विद्यार्थीहरूले आफ्नो शक्ति र क्षमतालाई सही तरिकाले प्रयोग गर्नसके देशको दीर्घकालीन विकास र समृद्धिमा ठूलो योगदान पुग्नेछ । (लेखक श्याम रोका अखिल (क्रान्तिकारी) केन्द्रीय महासचिव पदका उम्मेदवार हुन् ।) रातोपाटीबाट


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश



**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काल नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**

# बेरोजगारीको विकराल समस्या र उपयुक्त समाधान

**श्यामप्रसाद मैनाली**

अन्तर्राष्ट्रिय श्रम संगठनले हालै एक प्रतिवेदन प्रकाशित गरेको छ। सो प्रतिवेदनमा उल्लेख भएअनुसार नेपालमा ४ लाख श्रमिक प्रतिवर्ष कामको खोजीमा निस्किन्छन्। तीमध्ये ११.२ प्रतिशतले मात्रै रोजगारी पाएका छन्। देशको जनसंख्यामध्ये बालबालिका, वृद्धवृद्धा, श्रमशक्तिबाट अवकाश पाएका, विद्यार्थी, काम गर्न नचाहने, कैदीहरुलाई श्रमिकको रुपमा समेटिएको छैन। प्रतिदिन औपचारिक र अनौपचारिक गरी १५०० देखि २००० सम्म विशेष गरी युवाशक्तिहरु विदेश पलायन भइराखेका छन्।

खुला सिमाना भएका कारण अव्यवस्थित हिसाबले भारत प्रवेश गर्ने नेपालीहरु र भारतबाट रोजगारीका लागि नेपाल प्रवेश गर्नेहरुको पहिचान गर्न सकिएको छैन। तर नेपालबाट भारत प्रवेश गर्नेभन्दा भारतबाट नेपाल प्रवेश गर्ने श्रमिकहरूको संख्या बढी भएको स्पष्टतः अनुभूति गर्न सकिन्छ। प्रतिवर्ष १० लाख भारतीयहरू कामका लागि नेपाल प्रवेश गरेको अनुमान गरिएको छ। २५ प्रतिशतदेखि ३० प्रतिशतसम्म औपचारिक क्षेत्रमा नेपाली युवा श्रमिकहरूले काम पाइराखेका छन्।

अनौपचारिक क्षेत्रमा ७० प्रतिशत श्रमिकहरू रहेका छन्। बेरोजगारीको अवस्थाले देशको आर्थिक अवस्थाको निर्धारण हुन पुग्छ। यसबाट अथवा बेरोजगारी बढ्दै जाँदा कुल गार्हस्थ्य उत्पादनमा कमी आउने गर्दछ। सामान्यतया ४ देखि ६ प्रतिशतसम्म बेरोजगारको अवस्था देखिँदा आर्थिक दृष्टिकोणले नकारात्मक मानिन्छ। त्यसभन्दा तल अथवा ४ प्रतिशतभन्दा कम बेरोजगार रहेमा केही हदसम्म त्यो जनशक्तिलाई व्यवस्थित गर्न सकिन्छ र देशको अर्थ व्यवस्थामा धेरै ठूलो नकारात्मक प्रभाव पार्दैन भन्ने मान्यता छ। नेपालमा विशेष गरी कृषि र उत्पादन क्षेत्रमा रोजगारीका अवसरको सिर्जना हुन सकेको छैन।

देशको ६० प्रतिशत जनसंख्या युवा रहेका छन्। तिनीहरूमध्ये १९ प्रतिशत बेरोजगार छन्। कामको खोजीमा विकसित शहरहरूमा बसाइँ सराइ गर्ने प्रचलन ज्यादा छ। यस हिसाबले विकसित शहरमा जनसंख्या एकत्रित हुन पुगी त्यो ठूलो जनसंख्यालाई व्यवस्थित गर्न अत्यन्त असहज बनिराखेको छ। यसबाट बहुआयामिक नकारात्मक प्रभावहरुसमेत परिराखेको स्थिति छ। गरिब र अव्यवस्थित शहर बनिराखेको छ। अपराध कर्म ज्यामितीय अनुपातमा बढिराखेको छ। पाँचजनामा एकजना श्रमिक कृषि पेसामा आधारित रहेको अवस्था छ। सन् १९९५/१९९६ मा ४.९ प्रतिशत मात्र बेरोजगारीको समस्या रहेकोमा २०२२/०२३ मा आएर यो प्रतिशत १२.६ पुगेको छ। देशका महत्त्वाकांक्षी, प्रतिभाशाली, सृजनशील र प्रतिबद्ध युवाशक्तिलाई निष्क्रिय राखेर देशमा अपराध कर्म वृद्धि गर्दै हामी आर्थिक समुन्नति र सुशासनको परिकल्पना गरिराखेका छौं। यस अवस्थामा यो मृगतृष्णाबाहेक अरु केही पनि हुने अवस्था छैन।

**यसको कारण र यसबाट पर्ने प्रभाव :**

देशले अवलम्बन गरिरहेको शिक्षा प्रणाली अनुत्पादक छ, अनुपयुक्त छ र शिक्षामा राज्यको लगानी पनि अत्यन्त न्यून छ। श्रमबजारमा बिक्ने प्रकारले सीपयुक्त जनशक्तिको उत्पादन र ज्ञान उपलब्ध गराउने हिसाबले हाम्रो शैक्षिक योजना कहिल्यै तयार भएन। यसबाट नेपालका युवाहरुलाई आफूले प्राप्त गरेको शैक्षिक योग्यता र सीपले आफ्नो वृत्ति विकास हुने सन्दर्भमा थोरै पनि विश्वास हुन सकेको छैन। यही कारणले गर्दा अहिले उच्च शिक्षामा विद्यार्थीको उपस्थिति अत्यन्त न्यून छ। यही कारणले गर्दा कतिपय महाविद्यालयहरू विद्यार्थीको अभावमा बन्द हुँदै गएका छन्। यसले राष्ट्रलाई नकारात्मक प्रभाव पार्नेमा कुनै सन्देह रहँदैन।

देशमा रहेको कृषि क्षेत्रले रोजगारीका अवसरहरू सिर्जना गरी ती क्षेत्रहरूलाई आकर्षक र उत्पादक बनाउन सकेको छैन। यही कारणले गर्दा अनौपचारिक क्षेत्रमा अर्धरोजगारीको अवस्था छ। यसलाई राष्ट्रको नीतिले पनि खासै महत्व दिएको छैन। यो अवस्था सिर्जना हुँदा देशको कृषि क्षेत्र बिस्तारै अनुत्पादक बन्दै गएको छ। कृषि क्षेत्र अनाकर्षक बनेकै कारण रोजगारीका लागि निस्किएका युवाहरू औपचारिक क्षेत्रमा मात्र प्रतिस्पर्धा गर्न तल्लीन बनेका छन्। यसले गर्दा अत्यन्त सीमित अवसर प्रदान गर्ने औपचारिक क्षेत्रमा कडा प्रतिस्पर्धा भइराखेको छ। सरकारी र सरकार स्वामित्व रहेका निकायहरुले प्रमुखरुपमा रोजगारी प्रदान गरेको अवस्था छ। देशको बेरोजगारीको समस्या समाधान गर्न निजी क्षेत्रले रोजगारीका अवसरहरु प्रदान गर्न सक्नुपर्दथ्यो। त्यो अवस्था देशभित्र नगन्य छ। रोजगारदाताहरूले अपेक्षा गरेअनुसारको प्राविधिक सीपयुक्त उत्पादक जनशक्ति प्राप्त गरिराखेका छैनन्। यही कारणले युवाहरुले प्राप्त गरेको सीप बजारमा सहजै रोजगारी प्राप्त गर्ने प्रकारको छैन।

ग्रामीण र शहरी क्षेत्रका बीच विविधता प्रशस्त पाइन्छ। कुनै स्तरीय जनशक्ति पनि विकसित शहरहरूमा मात्रै केही हदसम्म उपलब्ध छ। सीमित प्रतिस्पर्धामा उत्रेका ग्रामीण भेगका बेरोजगारहरुले शहरी क्षेत्रका सम्भ्रान्त परिवारका गुणस्तरयुक्त जनशक्तिसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति छ। यही कारणले गर्दा निम्न-मध्यमवर्ग र निम्नवर्गका सन्ततिहरुले रोजगारीका अवसर प्राप्त गर्न अत्यन्त असहज छ। देशमा उद्यमशीलताले प्रोत्साहन पाइराखेको अवस्था छैन। भएका उद्योगहरू निजीकरणका नाउँमा कौडीको भाउमा निजी क्षेत्रलाई सुम्पिएको अवस्था छ।

निजी क्षेत्रलाई यी उद्योगहरू हस्तान्तरण गर्दा ती संस्थाहरूले पाइरहेको रोजगारीको अवस्थामा कुनै नकारात्मक प्रभाव नपरी थप रोजगारी प्रदान गर्न सक्ने स्थिति बनाएर मात्र निजीकरण गरिनुपर्ने थियो। तर यसतर्फ राज्यले ध्यान दिएको अवस्था छैन। यसले गर्दा निजी क्षेत्रलाई हस्तान्तरण गरिएका उद्योगहरू प्लटिङ गरी व्यापारिक प्रयोजनमा बिक्री गर्ने र नाफा आर्जन गर्ने स्थिति देखिएको छ। यसबाट निजी क्षेत्रका लगानीकर्ताहरू फाइदामा रहने र राष्ट्रलाई बेफाइदा मात्र हुने अवस्था बढिराखेको छ। निजी क्षेत्रका व्यापारी, उद्योगपतिहरूले पनि उपयुक्त वातावरण प्राप्त गरिराखेका छैनन्। यसले गर्दा उनीहरुले थप लगानी गर्न उत्साहित बनिराखेको अवस्था छैन। अधिकांश दुर्गम ग्रामीण बस्तीहरूको बाहुल्यता भएको देश नेपालमा देशका सानातिना कुटिर उद्योगहरू सञ्चालन गर्ने व्यवसाय गर्नेहरूले पनि वित्तीय कारोबारका लागि उपयुक्त सुविधा आफ्नो क्षेत्रमा पाइराखेका छैनन्। लैंगिक विभेद अत्यन्त ज्यादा छ। यो विश्वव्यापी समस्या हो। नेपाल पनि यसबाट अक्रान्त छ। यसबाट पनि रोजगारीलगायतका विषयहरुमा आधाभन्दा बढी जनसंख्या रहेको महिला वर्गहरुले पुरुषहरुका तुलनामा कम अवसर पाइराखेका छन्।

राजनीतिक अस्थिरताका कारण देशको समग्र प्रणाली नै नकारात्मकरुपमा प्रभावित भइराखेको छ। ३५ वर्षको अवधिमा सरदर एक वर्षको एक सरकारले काम गर्न पाएको अवस्था छ सि अघिल्लो सरकारले अवलम्बन गरी आएका नीतिगत पक्षहरूमा विश्लेषण गरी निरन्तरता दिने राजनीतिक संस्कारको अभाव छ। यो अस्थिरताका कारण अर्थतन्त्रका सबै पक्षहरू प्रभावित भएका छन्। स्वभावतः यो परिस्थितिले रोजगारीको अवस्था सिर्जना गर्न खाकासम्म पनि कोर्न सकेको छैन। नीतिगत अड्चनका कारण आर्थिक वृद्धि र रोजगारीका अवसर सिर्जना हुन सकेको छैन। नीतिगत तादात्म्यताको अभाव स्पष्ट छ। स्वदेशी र विदेशी दुवै प्रकारका लगानी गर्ने अनुकूल वातावरण सरकारले बनाउन सकेको छैन। अस्थिर सरकारले गरेका प्रतिबद्धताहरूमा लगानीकर्ताहरूले विश्वास गर्न सकेका छैनन्। यिनै कारणले गर्दा देशका होनहार युवाहरूको विदेश पलायन तीव्र गतिमा भइराखेको छ। मसल र ब्रेन दुवै विदेशी भूमिमा उत्पादक कार्यमा प्रयोगमा आइराखेका छन्। हामी तिनै युवाले पठाएको विप्रेषणबाट अर्थतन्त्र चलायमान भएकोमा गौरव मानिराखेका छौं। यस्तो बौद्धिक दरिद्रता स्पष्ट भएका शासकहरू र नीति निर्माताहरु भएको देशले आर्थिक समुन्नति र रोजगारीको अवस्थामा सुधार गर्ने अवस्था निरपेक्षरुपमा रहँदैन।

बेरोजगारी व्याप्त भएको देशमा नयाँ आविष्कारहरू केही हुँदैनन्। आर्थिक अवस्था चलायमान हुँदैन। युवाशक्तिलाई बेरोजगार राखिदिँदा उनीहरूको योगदान अर्थतन्त्रमा रहँदैन। यसबाट आर्थिक प्रतिफल उल्लेख्यरुपमा घट्दै जान्छ। सामाजिक भलाइ र सामाजिक प्रणालीमा प्रत्यक्षतः नकारात्मक प्रभाव पर्दछ। किनकि देशको ठूलो र चलायमान जनशक्ति कुल गार्हस्थ्य उत्पादनका लागि निष्क्रिय हुन्छ। सामाजिक गतिरोध र विद्रोहको अवस्था सिर्जना हुन्छ। असन्तुष्टि विद्रोही भावनाको विकास युवाहरूमा तीव्र देखिन्छ। सामाजिक द्वन्द्वको अवस्था बन्दछ। बेरोजगार युवाहरू निराश हुन्छन् र गतिरोधका कारक बन्न पुग्छन्। सशक्त आवाज उठाउनेहरुले सरकारलाई नै र राज्यलाई नै संकटमा पार्न सक्छन्। यस अवस्थामा देशमा स्थापित राजनीतिक प्रणाली पनि जोखिममा पर्न थाल्छ। विदेशतर्फ आकर्षित भएका होनहार युवाहरू आर्थिक वृद्धि र विकासका लागि चुनौती बन्दछन्। किनकि यी युवाहरू सबै विकसित देशहरुमा स्थायीरुपमा बसोबास गर्न पुग्छन्।

देशमा रहेको आफ्नो सम्पूर्ण स्रोत, साधन, स्थायी बसोबास गरेको मुलुकमै लिएर जान्छन्। यस अर्थमा वैदेशिक रोजगारीमा गई विप्रेषण पठाउने युवाहरुभन्दा यी गुणस्तरयुक्त युवाहरुको भौतिक पलायन हुँदा देशमा आर्थिक वृद्धि र विकासमा लागि ठूलो चुनौती बन्दछ। सामाजिक र मनोवैज्ञानिकरुपमा हीनताबोध नेपालका युवाहरूमा देखिँदै जान्छ। भविष्यको गन्तव्य अधिकांश युवाहरुमा अन्योलग्रस्त बन्न पुग्छ । अपराध कर्मबाट आश्रित हुनुपर्ने स्थिति बन्दछ र यसले समाजलाई नै प्रदूषित बनाउँछ।

**निष्कर्ष :**

शिक्षा प्रणालीमा आमूल सुधारको आवश्यकता छ। स्वदेशमै कुनै पेसा अवलम्बन गरी बस्न सक्ने गरी प्राविधिक सीपयुक्त युवाहरूको बाहुल्यता हुने हिसाबले शिक्षा प्रणाली दिनु आवश्यक छ। जनशक्तिको योजना गर्दा राष्ट्रिय हिसाबले के-कस्ता र कति जनशक्ति स्वदेशको लागि जरुरी पर्ने हो ? तिनीहरूको परिचालन कुन-कुन क्षेत्रमा कसरी गर्ने हो ? यसको स्पष्ट खाका तयार गरी सोही अनुरुप जनशक्ति उत्पादन गर्ने निकायहरुलाई राज्यले वा सरकारले निर्देशित गर्नुपर्दछ। ती जनशक्तिहरु उत्पादन भएपछि उनीहरूको देशभित्रै उपयोग गर्ने रणनीति अवलम्बन गर्नु जरुरी छ।

वैदेशिक रोजगारबाट सीप आर्जन गरी स्रोत-साधनसहित फर्किएको जनशक्तिलाई राज्यले आवश्यक सहुलियत र सहजीकरण गरी उनीहरूको सीप, स्रोत-साधनको राष्ट्र निर्माणमा उपयोग गर्नु जरुरी छ। यसो गर्दा ती युवा उद्यमी बन्न सक्छन् र रोजगारीको अवसर सिर्जना हुन्छ। यस्तै निजी क्षेत्रलाई प्रोत्साहित हुने अवस्था सिर्जना गर्नुपर्छ भने लगानीमैत्री वातावरण कसरी सिर्जना गर्ने भन्ने बारेमा सम्बन्धित क्षेत्रका विज्ञहरूको सुझावसहित सरकार अघि बढ्नुपर्छ। सार्वजनिक निजी साझेदारीलाई प्राथमिकतामा राखी उद्योग, कलकारखानाहरूको विकास गर्दै रोजगारीका अवसर खोल्नुपर्दछ।

देशको जनसंख्याको ठूलो संख्या कृषिमा आधारित छ। कृषि परम्परामा आधारित छ। यसै कारणले गर्दा नेपाली युवाहरू कृषितर्फ आकर्षित हुन सकिराखेका छैनन्। यो समस्याको समाधानका लागि कृषिमा अनुदान दिँदै कृषि क्षेत्रलाई प्रविधिका आधारमा सञ्चालन गर्ने तरिकाको विकास र आधुनिकीकरण गर्नुपर्दछ। श्रमिक बजार सूचना प्रणालीको विकास गर्दै जनशक्तिको यथार्थ जानकारी लिने र ती जनशक्ति मुलुकभित्र के-कति खपत हुन सक्छन् ? त्यसको स्पष्ट र भरपर्दो अभिलेख र सूचना यथासमयमा लिई सोही अनुरुप योजना तयार हुनुपर्दछ। देशका होनहार युवाहरूलाई जुन दिनसम्म स्वदेशमै रोक्न सकिन्न, देश गरिबीको दुश्चक्रमा फस्दै जाने निश्चित छ । त्यसैले नेपालका योजनाकारहरु र नीति निर्माताहरू सधैं युवामैत्री हुँदै युवा केन्द्रित नीति तथा कार्यक्रम बनाउन विशेषरुपले गम्भीर हुनु आवश्यक छ। न्युज अफ नेपालबाट


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**

**सप्तकोशी नगरपालिका**

**नगर कार्यापालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश

# २० वर्ष विवाहको उमेर हदलाई घटाएर १८ वर्ष राख्ने भनी दिएको प्रस्ताव र सुझावप्रति असहमति



**राजविराज**/सप्तरीका महिला अभियन्ताहरुले प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिद्वारा गठित उपसमितिले हाल कायम रहेको २० वर्ष विवाहको उमेर हदलाई घटाएर १८ वर्ष राख्ने भनी दिएको प्रस्ताव र सुझावप्रति असहमति जनाएका छन् ।

उक्त प्रस्ताव र सुझाव आफूहरुलाई अमान्य रहेको तथा विवाहको उमेर हद २० वर्ष नै कायम हुनु पर्ने मागसहित सप्तरीका एक दर्जन महिला अभियन्ताहरुले शुक्रबार प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन बुझाएका छन् ।

परिकल्पना नेपाल सप्तरीकी अध्यक्ष सुधा देव, मैथिली साहित्य कला प्रतिष्ठान नेपालकी अध्यक्ष रमिला साह, बालविवाह बिरुद्ध प्रदेश स्तरिय संजालकी रिमा चौधरी, महिला मानवअधिकार संजालकी अनिता देवकोटा, मानवअधिकारका लागि एकल महिला समूहकी माधवी साह, मेची महाकाली बुहारी संयुक्त आवाजकी रत्ना तामाङ, महिला बालबालिका तथा सामुदायिक विकास केन्द्रकी नानीमैया कटुवाल, मैथिली महिला परिषदकी प्रतिमा देवकी साथै इन्टलेक्च्युल फाउण्डेशन नेपाल, ब्रिज नेपाल, संचार यात्रा, युनाइटेड डेप्लपमेन्ट नेपाल लगायत संस्थाका प्रतिनिधि सम्मिलित टोलीले प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका छन् ।

उनीहरुले विगतमा लामो अध्ययन, अनुसन्धान तथा बैज्ञानिक तथ्यका आधारमा कानुनी रुपमै विवाहको उमेर २० वर्ष तय गरिएको भन्दै सोही व्यवस्था कायम राख्नुपर्ने माग समेत गरेका छन् ।

उक्त ज्ञापनपत्रमा मुलुकी देवानीसहिता २०७४ को दफा, ७० उपदफा १ (घ) अनुसार विवाहको उमेर २० वर्ष हुनु पर्ने व्यवस्था हुनुपर्नेमा २०८१ माघ २ गते प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले गठन गरेको उपसमितिले विवाहको उमेर २० वर्षबाट घटाएर १८ वर्षमा झार्न दिएको प्रस्ताव र सुझाव आफूहरुलाई अमान्य हुने उल्लेख गरेका छन् ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दहालले तत्तकालै सम्बन्धीत कार्यालयमा पठाउने प्रतिबद्धता जनाएको महिला अभियन्ता एवं परिकल्पना नेपालकी अध्यक्ष सुधा देवले जनाएकी छिन् ।


पञ्च तत्वको जीउ, पञ्च तत्वमा विलीन भए,
आत्मा गए सुरधाम, हाम्रो माझ रह्यो उनको सम्झना र नाम



**स्व. सविता देवी सिंह यादव**

मेरो धर्मपत्नी सविता देवी सिंह यादवको २०८१ पुस ११ गते भएको असमायिक निधनप्रति श्रद्धाञ्जली र समवेदना व्यक्त गर्नुहुने सम्पूर्ण महानुभावमा कृतज्ञता तथा आभार व्यक्त गर्दछु ।

**वृजेन्द्र कुमार सिंह भन्ने वृजेन्द्र प्रसाद सिंह यादव**
**तथा**
**स-परिवार**
**बोदेबरसाइन नगरपालिका ५, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**बोदेबर्साइन नगरपालिका, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

### युक्रेनको विषयमा वार्ताका लागि रुस तयार

**मस्को**/रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनबारे वार्ताका लागि मस्को तयार रहेको बताउनुभएको छ । नेता पुटिनले भन्नुभयो, “हामीले जहिले पनि यो कुरा भन्दै आएका छौँ र म फेरि एकपटक यसमा जोड दिन चाहन्छु, हामी युक्रेनी बिषयमा वार्ताका लागि तयार छौँ ।” राष्ट्रपति पुटिनले केही विषयमा विशेष ध्यान दिन आवश्यक रहेको बताउँदै भन्नुभयो, “प्रतिबन्धित भइसकेको अवस्थामा अब वार्ता कसरी सुरु गर्न सकिन्छ ?” वार्ताका अलागि पहिले प्रतिवन्ध खुकलो पार्नु आवश्यक छ । “यदि वार्ता पुनः सुरु भयो भने युक्रेनको वर्तमान कानुनी ढाँचाअन्तर्गत यो अवैध हुनेछ ।” उहाँले भन्नुभयो, “जबसम्म यो आदेश जारी रहन्छ, तबसम्म यी वार्ताहरू सुरु गर्न सकिन्छ कि सकिँदैन ? ती सही तरिकाले पूरा गर्न सकिन्छ भन्ने विश्वास मलाई छैन । त्यसैले वार्ताका लागि वातावरण बनाउन एक चरणको छलफल जरूरी छ ।” उहाँले भन्नुभयो, “युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यसअघि रूससँगको वार्तालाई निषेध गर्ने आदेश जारी गर्नुभएको छ । के यो अवस्थामा वार्ता गर्न सम्भव छ ?” उहाँले केही प्रारम्भिक छलफल हुन सक्ने भए पनि युक्रेनी पक्षबाट विद्यमान प्रतिबन्धका कारण गम्भीर वार्ता गर्न कठिन हुने उल्लेख गर्नुभयो । रूसी नेताले जेलेन्स्कीलाई वार्तामा प्रतिबन्ध लगाउने आदेश हटाउन र आफ्ना प्रायोजकहरूको आदेश पालना गर्न कुनै हतार नभएको बताउनुभएको छ । उहाँले किएभलाई आर्थिक सहयोग गर्नेहरूले युक्रेनी नेतालाई वार्ताको वातावरण तयार पार्न दबाब दिनुपर्ने बताउनुभयो । विश्व आर्थिक मञ्च (डब्लुईएफ) को डाभोसमा बिहीबार आयोजित वार्षिक बैठकलाई सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस र युक्रेनबीच शान्ति सम्झौताका लागि अमेरिकी प्रयास ‘आशाजनक रुपमा अघि बढेको’ बताउनुभएको थियो । एजेन्सी

### इजरायली चार बन्धक रिहा, बदलामा २०० प्यालेष्टिनी कैदीको पनि रिहाइ

**गाजा सिटी**/प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास)ले शनिबारको कैदी आदानप्रदान कार्यक्रम अन्तर्गत चार जना इजरायली महिला बन्धकलाई रिहा गरेको छ । बन्धकहरूलाई सुपुर्दगी गरिएको गाजाको एक चोकमा रेडक्रसका चारवटा गाडीमा इजरायलतर्फबाट करिब २०० प्यालेष्टिनीलाई ल्याई उनीहरू र चार इजरायली बन्धक महिलाको आदानप्रदान गरिएको एएफपीका एक संवाददाताले बताएका छन् । इजरायली बन्धक र बेपत्ता परिवार फोरमका अनुसार रिहा हुनेमा करिना एरिभ, डानिएला गिल्बोआ, नामा लेवी र लिरी अल्बाग रहेका छन् । कैदमा रहँदा अल्बाग १९ वर्षका भए भने अन्य सबै २० वर्षभन्दा माथिका इजरायली हुन् । गाजामा हमाससँग भएको युद्धविराम सम्झौताअन्तर्गत इजरायली जेलमा आजीवन कारावासको सजाय काटिरहेका १२० सहित २०० प्यालेस्टिनी कैदीको बदलामा चार जना इजरायली बन्धक सैनिकलाई मुक्त गरिएको प्यालेस्टिनी स्रोतले जनाएको छ । यस बिषयमा विषयमा सार्वजनिक रूपमा बोल्ने अधिकार आफुलाई नभएको बताउँदै नाम नबताउने शर्तमा स्रोतले भन्यो, “यी कैदीहरूमध्ये १२० जना आजीवन कारावासको सजाय काटिरहेका छन् । एजेन्सी

### हुथी विद्रोहीद्वारा यमनका १५३ कैदी रिहा : आइसीआरसी

**यमन**/यमनका हुथी विद्रोहीले शनिबार १५३ जना ‘द्वन्द्वसँग सम्बन्धित’ कैदीलाई रिहा गरेको रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसीआरसी)ले जनाएको छ । सन् २०१४ मा इरान समर्थित हुथी विद्रोहीले कब्जा गरेको यमनको राजधानी सानामा ती कैदीलाई रिहा गरिएको हो । कैदीलाई रिहा गरिएको पुष्टि गर्दै यमनस्थित आईसीआरसीका प्रतिनिधिमण्डल प्रमुख क्रिस्टीन सिपोलाले भन्नुभयो, “यो अभियानले आफ्ना प्रियजनको फिर्तीको व्यग्र प्रतिक्षा गरिरहेका परिवारका लागि अति आवश्यक राहत र आनन्द ल्याएको छ ।” यसैबीच हुथी विद्रोही समितिका प्रमुख अब्दुलकादिर अल मुर्तदाले एक वक्तव्य जारी गर्दै यो पहल मानवीय कारणले एकतर्फी रुपमा गरिएको बताउनुभएको छ । उहाँले भन्नुभयो, “रिहा भएकामध्ये अधिकांश बिरामी, घाइते, वृद्धवृद्धालगायत मानवीय सहयोग आवश्यक व्यक्ति हुन् ।” इरान समर्थित हुथी विद्रोहीले विद्रोहीको कब्जामा रहेको क्षेत्रमा कार्यरत संयुक्त राष्ट्रसङ्घका सात जना सैनिकलाई बिहीबार हिरासतमा लिएपछि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले विरोध जनाउनुभएको थियो । गुटेरेसले यमनमा रहेका संयुक्त राष्ट्रसंघका सबै कर्मचारीलाई तत्काल र बिनाशर्त रिहा गर्न माग गर्दै जारी गरेको विज्ञप्तिमा भनिएको छ, “उनीहरूलाई हिरासतमा राखिनु राष्ट्रसङ्का लागि अस्वीकार्य छ ।” हुथी विद्रोहीले संयुक्त राष्ट्रसङ्घ र अन्य मानवीय संस्थाका दर्जनौं कर्मचारीलाई अमेरिकी-इजरायली जासुसी गिरोहको आरोपमा गत वर्षको मध्यदेखि नै हिरासतमा लिएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हुथी विद्रोहीलाई विदेशी आतङ्कवादी सङ्गठनको सूचीमा फर्काउने कार्यकारी आदेशमा हस्ताक्षर गरेपछि पनि शनिबारको रिहाई भएको हो । हुथी विद्रोहीलाई पुनः सूचीकृत गर्दा यमनमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय निकाय र अमेरिकी अनुदान प्राप्त गर्ने अन्य गैरसरकारी संस्थाहरूको पुनरावलोकन हुने बुधबार हस्ताक्षर गरिएको आदेशमा उल्लेख छ । एक दशक लामो युद्धले यमनलाई विश्वकै सबैभन्दा खराब मानवीय सङ्कटमा फसाएको छ र एक करोड ८० लाख मानिसलाई सहायता र सुरक्षाको खाँचो रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । गत मे महिनामा हुथी विद्रोहीले ११३ जना कैदीलाई एकतर्फी रुपमा रिहा गरेका थिए । अप्रिल २०२३ मा विद्रोही र यमन सरकारले करिब एक हजार युद्धबन्दीको आदानप्रदान गरेका थिए । आईसीआरसीले कैदीहरूलाई रिहा गर्नुअघि रिहाईपूर्व अन्तर्वार्ता र स्वास्थ्य परीक्षण गरेको र उनीहरूलाई घर फर्कने व्यवस्था मिलाउन सहयोग गरेको बताएको छ । सन् २०१४ को सेप्टेम्बरमा हुथी विद्रोहीले सानामाथि कब्जा जमाएपछि सन् २०१५ को मार्चमा साउदी अरबको नेतृत्वमा हुथीविरूद्ध हस्तक्षेप भएको थियो र यसले प्रत्यक्ष र अप्रत्यक्षगरी लाखौं मानिसको ज्यान लिइसकेको छ । सन् २०२२ मा संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा भएको युद्धविरामले युद्धमा निकै कमी आएको छ । तर विद्रोहीहरूले गाजा युद्धको समयमा इजरायल र ‘रेड सी’को पानीजहाजमा आक्रमण गरी हमासको इजरायलविरोधी आक्रमणलाई सघाएका थिए । बदलामा अमेरिका, इजरायल र बेलायती सेनाले हुथीविरूद्ध आक्रमण गरेका थिए । एजेन्सी

# नेपाल सहकारीको साधारणसभा सम्पन्न



**राजविराज**/नेपाल सहकारी संस्थाले शनिबार एक कार्यक्रमबीच २२ औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ।

आयोजित साधारण सभामा संस्थाका अध्यक्ष शत्रुघन प्रसाद गुप्ताले अध्यक्षीय प्रतिवेदन प्रस्तुत गर्दै संस्थामा १ हजार १ सय ५२ महिला तथा १ हजार ६ सय ९८ पुरुषगरि कुल २ हजार ८ सय ५० शेयर सदस्य रहेको जानकारी दिएका छन्।

उनले कुल चुक्ता शेयर रकम ३१ करोड ६६ लाख ९ सय रहेको तथा कुल निक्षेप संकलन ५४ करोड १८ लाख ९ हजार २८, निक्षेप फिर्ता ५५ करोड ६९ लाख ३७ हजार ७ सय ३२ गरिएको जनाकारी दिए। उनले कुल ऋण लागनी ३० करोड ५० लाख ३९ हजार ९ सय ८४ मध्ये ४२ करोड ८३ लाख ४ हजार ४ सय ३० रुँपैया असुली गरिएको बताए।

यस्तै सभामा वक्ताहरुले अहिले सहकारी संस्था संचालनमा निकै कठिनाई आइरहे पनि संस्थाले पारदर्शी रुपमा करोबारलाई अगाडी बढाउँदै गएकोमा सम्पूर्णलाई बधाई दिँदै भविष्यमा संस्थाको प्रगतीको कामना गर्दै शुभकामना व्यक्त गरेका छन्।

संस्थाका अध्यक्ष गुप्ताको अध्यक्षतमा आयोजित सभामा संस्थाका शेयर सदस्य, कर्मचारी तथा विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

# बलान बिहुलमा स्थानीय पाठयक्रम लागु गर्ने तयारी

**राजविराज**/सप्तरीको बलान-बिहुल गाउँपालिकाले स्थानीय पाठयक्रम निर्माण गरी सबै विद्यालयहरुमा लागू गर्ने भएको छ।

राष्ट्रिय पाठयक्रम प्रारूप २०७६ मा भएको व्यवस्थाअनुसार अगामी शैक्षिक सत्रदेखि गाउँपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा स्थानीय पाठयक्रम लागू गर्ने तयारी गरेको हो।

स्थानीय ज्ञान, सीप, प्रविधि, चाडपर्व संस्कृति र शान्तिको सन्देश भावी पुस्तालाई हस्तान्तरण गर्नमा सघाउ पुऱ्याउने उद्देश्यले स्थानीय पाठयक्रम निर्माण गाउँपालिका जुटको गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले बताए।

आधारभूत तहको कक्षा १ देखि ८ सम्म स्थानीय पाठयक्रम मैथिली भाषामा निर्माण गरी लागू गर्ने योजना बनाइएको छ। अगामी शैक्षिक सत्रमा कक्षा १ देखि ३ सम्मको पाठयक्रम निर्माण गरिने गाउँपालिकाको शिक्षा शाखाका प्रमुख दिनेशकुमार मण्डलले बताए।

शिक्षा शाखा प्रमुख मण्डलका अनुसार पाठयक्रमको खाका तयार भएपछि नगर क्षेत्रका शिक्षा क्षेत्रसम्बद्ध व्यक्तिसँग छलफल र परामर्श लिई खाकालाई अन्तिमरूप दिई पाठयक्रमका रूपमा लागू गरिने बताए। आगामी शैक्षिक सत्रमा कक्षा ४ देखि ८ सम्मको स्थानीय पाठयक्रम निर्माण गरी लागू पर्ने उनको भनाइ छ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


# गरिब, असहायलाई न्यानो कपडा बाड्दै इन्जिनियर यादव

**राजविराज**/सप्तरीका एक समाजसेवीले चसो पीडितहरुलाई न्यानो कपडा बाड्दै हिडेका छन्।

विगत एक सातादेखी सितलहरमा कठ्याग्रिएर बसेका गरिब, दलित र असहायलाई धर्मीहल्फा महिला विकास क्लबका अध्यक्ष सेवानिवृत ई. सूर्यनारायण यादवले विपन्न बस्तीमा पुगेर न्यानो कपडा बाड्दै हिडेका हुन्।

अत्याधिक चिसो बढेका बेला उनी निजी खर्चमै एक साता यता विपन्न बस्तीमा पुगेर न्यानो कपडा र ब्लाङकेट बितरण गर्दै आएका छन्। पछिल्लो सात दिनयता जिल्लाको विभिन्न विपन्न बस्तीमा पुगेर उनले तीन सय भन्दा बढी न्यानो कपडा र ब्लाङकेट बितरण गरिसकेका छन्।

पछिल्लो पटक उनले सप्तरीको बोदेबर्साइन नगरपालिका ७ स्थित फुलहारा गाउँको दलित बस्तीमा पुगेर उनले दुई दर्जन विपन्न परिवारलाई न्यानो कपडा र ब्लाङकेट बितरण गरेका छन्।

# चिसोले एकको मृत्यु

**राजविराज**/शीतलहर तथा बाक्लो हुस्सुका कारण बढेको चिसोले सप्तरी जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ का ५५ वर्षिय भुटाई साहको मृत्यु भएको छ।

विहान ७ बजे तीर ओछ्यानबाट उठेर शौचका लागी घर बाहिर निस्के लगत्तै साह ठण्डी लागेर बेहोस भइ लडेको र उपचारका लागी स्वास्थ्य चौकी लाँदा स्वास्थ्यकर्मीले मृत घोषित गरेको वडा अध्यक्ष मुनीलाल मुखियाले बताए।

केहि दिन यता विहानैदेखी चल्ने शितलहरले जनजीवन नराम्ररी प्रभावित भएको छ। बाक्लो हुस्सु र निरन्तर चलिरहेको सिरेटोका कारण जाडो बढ्दा स्थानीयवासीको जनजीवन कष्टकर बनेको छ। विषेश गरी ग्रामिण क्षेत्रका विपन्न वस्तीमा चिसोले बढी प्रभाव पारेको छ।


## संस्कृति र साँस्कृतिक सम्पदाको संरक्षण गरौं

- संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरुको संरक्षण गर्नु हाम्रो दायित्व हो,
- साँस्कृतिक बिविधता बीच एकता कायम राखौं,
- सांस्कृतिक धरोहरहरूको प्रचारप्रसार र सुरक्षा गरौं,
- सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं,

साँस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्। धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं। **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*